*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०८०/८१ को*

# दोस्रो त्रैमासिक प्रतिवेदन

(२०८० कार्तिक-पुस)




***(सूचनाको अधिकारः लोकतन्त्रको आधार)***

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | ३ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | ४ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ८ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ९ |
| ५. | सम्पादन गरेका कामको विवरण | १३ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | ३० |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३४ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३६ |
| ९. | कार्यालयको वेबसाइट | ३६ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३७ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

| सि. नं. | समिति | संयोजक |
|---|---|---|
| १. | राजनैतिक समिति | सम्माननीय प्रधानमन्त्री |
| २. | प्रशासन समिति | माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री |

| | | |
|---|---|---|
| ३. | सामाजिक समिति | माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री |
| ४. | आर्थिक तथा पूर्वाधार समिति | माननीय अर्थ मन्त्री |
| ५. | विधेयक समिति | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको साविकको सांगठनिक संरचना अनुसार यस कार्यालयमा ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका साथै २३५ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेकोमा हाल यसको संगठन संरचना र दरवन्दीमा पुनर्संरचना भई पद दर्ताको प्रकृयामा रहेको छ।

## ४. कार्यालय अन्तर्गतका साविक बमोजिमका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरु

| मुख्यसचिव डा. बैकुण्ठ अर्याल | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री अर्जुन भण्डारी |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री आनन्द पौडेल |
| **३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री हीरामणि शर्मा** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री एकनारायण अर्याल** |
| **१. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा** | **सहसचिव श्री खोमराज कोइराला** |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री उमेश राज रिमाल |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव |
| **२. पूर्वाधार विकास महाशाखा** | **सहसचिव श्री नमराज घिमिरे** |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री राम प्रसाद सापकोटा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार- शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **प्रशासन तथा नतिजा व्यवस्थापन क्षेत्र** | **सचिव श्री गणेश प्रसाद पाण्डेय** |
| **१. प्रशासन महाशाखा** | **सहसचिव श्री नारायणप्रसाद भट्ट** |
| (क) प्रशासन शाखा | उपसचिव श्री तुलाराज सुनुवार |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री सूर्य बहादुर भण्डारी |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| **२. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री सन्तोषप्रसाद दाहाल |
| (ख) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव श्री कमल पौडेल |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| **राष्ट्रिय सुरक्षा तथा सुशासन क्षेत्र** | **सचिव श्री गणेश प्रसाद पाण्डेय** |

| | |
|---|---|
| **१. राष्ट्रिय सुरक्षा तथा कूटनीतिक समन्वय महाशाखा** | **सहसचिव श्री बुद्ध बहादुर गुरुङ्** |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| **२. शासकीय सुधार महाशाखा** | **सहसचिव श्री किरण रुपाखेती** |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे<br>उपसचिव श्री राजु खनाल |
| **सामाजिक विकास तथा प्रादेशिक समन्वय** | **सचिव श्री अर्जुन प्रसाद पोखरेल** |
| **१. सामाजिक विकास तथा रूपान्तरण महाशाखा** | **सहसचिव श्री संगीता ओझा** |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री शालिक राम दाहाल |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री राजमणि दाहाल |
| **२. प्रादेशिक समन्वय तथा योजना महाशाखा** | **सहसचिव श्री रेखा दास** |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री लेखनाथ ज्ञवाली |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री रेखा पाण्डे के.सी. |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री लीला देवी गडतौला** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री दल बहादुर अधिकारी** |
| (क) कानून शाखा | उपसचिव श्री ओम प्रकाश बराल |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनिराम ज्ञवाली |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री राजेन्द्र थापा** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री रेशम राज सिग्देल |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री राजुप्रसाद गुरागाई |
| **इन्जिनियरिङ्ग क्लष्टर** | **सचिव श्री मणिराम गेलाल** |
| | **सहसचिव श्री लोकनाथ पौड्याल** |
| | **उपसचिव श्री कला कुमारी गैह्रे** |
| विशेष पद* | **सचिव श्री खगेन्द्रप्रसाद नेपाल** |

**नोटः मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

## यस अवधिमा कार्यालय वा अन्तर्गत सरुवा वा पदस्थापन भै आउनुभएका कर्मचारीहरू

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री किरण रुपाखेती | सहसचिव |
| २. | श्री ढुण्डी प्रसाद निरौला | सहसचिव |
| ३. | श्री नमराज घिमिरे | सहसचिव |
| ४. | श्री विपिन आचार्य | सहसचिव |
| ५. | श्री राजेन्द्र थापा | सहसचिव (कानून) |
| ६. | श्री आनन्द पौडेल | उपसचिव |
| ७. | श्री दिनेश शिवाकोटी | शाखा अधिकृत |
| ८. | श्री हिमलाल अर्याल | शाखा अधिकृत |
| ९. | श्री सन्दिप न्यौपाने | शाखा अधिकृत |
| १०. | श्री सहदेव गौतम | शाखा अधिकृत |
| ११. | श्री संयोग भट्टराई | शाखा अधिकृत |
| १२. | श्री राम प्रसाद गोतामे | शाखा अधिकृत |
| १३. | श्री अजम्बर राई | शाखा अधिकृत |
| १४. | श्री प्रभा पोखेल | लेखा अधिकृत |
| १५. | श्री बुद्ध लक्ष्मी तामाङ्ग | शाखा अधिकृत (कानून) |
| १६. | श्री सालिक राम लामिछाने | ना.सु. |
| १७. | श्री लोगराज भट्ट | ना.सु. |
| १८. | श्री महेश काफ्ले | ना.सु. |
| १९. | श्री मन्जु कुमारी शाह | ना.सु. |
| २०. | श्री बिमला थापा बस्नेत | लेखापाल |
| २१. | श्री अमृता उप्रेती | कम्प्युटर अपरेटर |
| २२. | श्री चन्द्रेश्वर राना | कम्प्युटर अपरेटर |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई अरू निकायमा जानुभएका कर्मचारीहरूको विवरण

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री प्रद्युम्न प्रसाद उपाध्याय | सहसचिव |
| २. | श्री अरुणा जोशी | सहसचिव (कानून) |
| ३. | श्री यज्ञ पुरी | उपसचिव |

| | | |
|---|---|---|
| ४. | श्री कविता फुँयाल | उपसचिव |
| ५. | श्री विकेन पौडेल | शाखा अधिकृत |
| ६. | श्री बाल कुमार श्रेष्ठ | शाखा अधिकृत |
| ७. | श्री माधवी पौडेल | लेखा अधिकृत |
| ८. | श्री विनोद गौतम | शाखा अधिकृत (कानून) |
| ९. | श्री दिपेन्द्र ढकाल | ना.सु. |
| १०. | श्री किशोर कुमार चौधरी | लेखापाल |
| ११. | श्री राजेन्द्र सापकोटा | खरिदार |
| १२. | श्री अम्बिका गरुङ | कार्यालय सहयोगी |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक (२०८० कार्तिक-पुससम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरू:

- *सम्माननीय प्रधानमन्त्रीले प्रमुख अतिथिको हैसियतमा विभिन्न सार्वजनिक कार्यक्रमहरूमा सहभागी भई मन्तव्य/सम्बोधन राख्नु भएको । साथै, विभिन्न स्मारिका तथा प्रकाशनको लागि शुभकामना मन्तव्य प्रदान गर्नुभएको ।*
- *आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्का १५ वटा बैठक बसी ३१५ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको । मन्त्रिपरिषद्का विभिन्न समितिहरूको ८ वटा बैठकले गरेका २७ वटा निर्णयहरूको लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।*
- *सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशनबमोजिम सार्वजनिक सेवा प्रवाह सम्बन्धमा तत्काल सुधार गर्न सकिने विषयहरूको कार्ययोजना निर्माणको लागि विवरण संकलन, प्रारम्भिक मस्यौदा तयारी तथा निकायगत छलफल भई प्रतिवेदनलाई अन्तिम रुप दिने कार्य भइरहेको ।*
- *कार्तिक र मंसिर महिनाको मन्त्रालयगत मासिक रिपोर्ट कार्ड तयार गर्नुका साथै एकीकृत अनुगमन प्रणालीमार्फत प्राप्त प्रगति विवरणको आधारमा ३ वटा मासिक प्रगति प्रतिवेदन तयार पारिएको ।*
- *राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयनको एकीकृत कार्ययोजना, २०७७ मा उल्लेखित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जिम्मेवारी तोकिएका विषयहरूको प्रगति समीक्षा बैठक मिति २०८०/९/१६ मा सम्पन्न भई प्रतिवेदन तयार भएको ।*

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं प्रतिवेदन र महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरू कार्यान्वयनको लागि कार्यान्वयन समिति गठन भएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालय एवं अन्तर्गतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सम्पन्न भएको । राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य अन्तिम चरणमा रहेको ।
- आ.व. २०७९/८० को नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरूसहितको प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रस्तावित राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८०-८५) मस्यौदालाई प्राविधिक तहमा अन्तिम रुप दिन सम्बन्धित निकायहरूसँग बैठक तथा छलफल गरिएको।
- राष्ट्रिय गौरवका आयोजनाको चालु आ.व.को कार्तिकसम्मको वार्षिक प्रगति, आयोजना शुरुआतदेखि कात्तिकसम्मको समष्टिगत प्रगति, आयोजनामा रहेका समस्या र समाधानका लागि भएको पहल तथा चुनौती समेटेर विवरण तयार पारिएको । उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) जोमसोम खण्ड र उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आयोजनाका समस्या समाधानको लागि समन्वय र सहजीकरण बैठक गरिएको ।
- नुवाकोटको दुप्चेश्वर गाउँपालिका, लिखु गाउँपालिका, गोरखा जिल्लाको गोरखा नगरपालिका, लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका तथा कास्की जिल्लाको रूपा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन एवं अनुगमन गरी प्रतिवेदन तयार गरिएको । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषिको उत्पादनमा पारेको प्रभाव सम्बन्धी अध्ययन गरिएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस कार्यालयका सूचना अधिकारीलाई प्राप्त भएका विभिन्न १३ वटा निवेदनको सूचना उपलब्ध गराइएको।
- विभिन्न प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी एवं भिसा सिफारिसमा सहजीकरण गरिएको ।
- नेपालका लागि मित्रराष्ट्रहरू भेनेजुएला, माल्दिभ्स, किर्गिज र बोस्निया तथा हर्जगोभिनाका गैरआवासीय राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गरिएको।

- *हेलो सरकार कक्षमा सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएका १,२६८ गुनासोहरु फछ्र्यौट गरिएको ।*
- *विभिन्न गठन आदेश, नियमावली, निर्देशिका र कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने कार्य गरिएको ।*
- *सम्माननीय प्रधानमन्त्री, मन्त्रिपरिषद् तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरिएका ९० वटा मुद्दाहरूमा लिखित जवाफ पठाइएको । साथै, विभिन्न तहका अदालतबाट आएका मुद्दाहरूको लिखितजवाफ, पुनरावेदनपत्र तथा प्रतिउत्तर-पत्र सम्बन्धित अदालतमा पठाइएको ।*
- *मानव अधिकार सम्बन्धमा भएका सिफारिस कार्यान्वयनका लागि राष्ट्रिय मानवअधिकार आयोगबाट आएका १९ सिफारिसलाई कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको ।*

## विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण

### ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयबाट भएको पत्राचार, मन्तव्य तथा शुभकामना सन्देशसम्बन्धी विवरणः

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्रीज्यूका सम्बोधनहरू | २८ |
| २. | सम्माननीय प्रधानमन्त्रीज्यूले विभिन्न संघसंस्था तथा निकायहरूलाई दिनुभएको शुभकामना सन्देशहरू | ६९ |
| ३. | दर्ता भएका पत्रहरू | ३३१ |
| ४. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | २१० |
| ५. | प्र.म.तथा मं.प.का.भित्रका महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | १० |
| ६. | टिप्पणी दर्ता | २६ |
| ७. | टिप्पणी सदर | २५ |
| ८. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | ११३ |
| ९. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | ११ |

### ५.२ मुख्यसचिवको सचिवालय

- २०८० साल कार्तिकदेखि पौष महिनासम्म १५ वटा मन्त्रिपरिषदको बैठकबाट ३१५ वटा निर्णयहरु गरेको। मन्त्रिपरिषद्को बैठकको सहजीकरणको लागि प्राप्त विषयमा सचिवहरुको बीच बैठक आयोजनाका लागि सचिवालयले सञ्चार, समन्वय तथा सहजीकरण गरेको ।
- मन्त्रिपरिषद् समितिको ७ वटा बैठकबाट २६ वटा निर्णयहरु र आवश्यक समन्वय/सहजीकरण गरेको।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ८ वटा बढुवा समितिको बैठक बसेको। सचिवालयबाट बैठकको निर्णयहरु प्रमाणित गर्ने लगायतका कार्यमा सहजीकरण गरेको।
- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणको बाँडफाँडको लागि छात्रवृत्ति समितिको ३ वटा बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको र सो अवधिमा बसेको बैठकका निर्णयहरू प्रमाणित गराउने, सोको कार्यान्वयनका लागि समन्वय र सहजीकरण समेत गरेको।
- ३ वटा सचिव बैठक आयोजनामा समन्वय र सहजीकरण गरी कार्यान्वयनका लागि समन्वयन र सहजीकरण गरेको ।

- करिब ८०० पटक टेलिफोनबाट जनसम्पर्क गरी सेवा प्रवाहमा सहजीकरण/समन्वय गरेको साथै ३५० व्यक्तिलाई भेटघाटको व्यवस्था मिलाइएको ।
- नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरुलाई बैठक र छलफलका लागि ७२ पटक Group SMS र Group Mail गर्ने काम गरेको।
- १६९ वटा पत्रहरु e-Registration गरी मुख्य सचिवज्यू समक्ष प्रस्तुत गरी आदेशानुसार Online बाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु समक्ष पठाउने काम भएको।
- नेपाल सरकारका सचिवहरुको ६६ वटा स्वदेश भ्रमण तथा विदाको विद्युतीय अभिलेख राख्नुका साथै सचिवहरुबाट पेश गर्नु भएको स्वदेश भ्रमणको प्रतिवेदन कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सम्बन्धित सचिव समक्ष पठाउने कार्य गरेको र एकप्रति सचिवालयमा अभिलेख गरिएको । सचिवहरुको हाजिरी र परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्यहरुलाई निरन्तरता दिइएको ।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख,नेपाल सरकारका सचिवहरु र अन्य विभागीय प्रमुखहरुको सम्पर्क नम्बर, इमेल र वरियताक्रम अध्यावधिकलाई निरन्तरता दिइएको।
- सूचना प्रविधि र सुशासन विषयक अन्तरक्रिया कार्यक्रममा मुख्यसचिवज्यूलाई सहभागी गराउनका लागि आवश्यक सहजीकरण र समन्वय गरेको।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न देशमा भएको भ्रमणको कार्यक्रमका लागि आवश्यक सहजीकरण गरेको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको संगठन सर्वेक्षण सम्बन्धी बैठकको समन्वय सहजीकरण र व्यवस्थापन गरेको।
- सार्वजनिक खरिद ऐनसम्बन्धी समस्यामा छलफल साथै निर्माण व्यवसायीहरुको भुक्तानी रोकिएको विषयमा बैठकको लागि आवश्यक सहजीकरण गरेको।
- लोक सेवा आयोग, महालेखापरीक्षक जस्ता संवैधानिक निकायहरुको वार्षिक कार्यक्रममा मुख्यसचिवज्यूलाई सहभागी गराउने कार्यमा समन्वय, सहजीकरण गरेको।
- प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको विभिन्न समितिको बैठकमा सहभागिताको लागि समन्वय, सहजीकरण गरेको।
- निजामती अस्पताल विकास समितिको बैठकको लागि समन्वय, सहजीकरण गरेको।
- तेस्रो लगानी सम्मेलनको सम्बन्धमा विभिन बैठकहरुको लागि समन्वय, सहजीकरण गरेको।
- तराई-मधेश द्रुतमार्ग आयोजना सम्बन्धी विभिन्न बैठकहरुको लागि समन्वय, सहजीकरण गरेको।

- सम्माननीय प्रधानमन्त्रीज्युको समुपस्थितिमा विभिन्न मन्त्रालयहरुका माननीय मन्त्री र सचिवज्यूहरु सम्मलित छलफल/ समिक्षाको लागि आवश्यक समन्वय, सहजीकरण गरेको।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको Senior Management Team (SMT) र Extended Senior Management Team (ESMT) को बैठकको लागि हल व्यवस्थापन, प्रविधि व्यवस्थापन, लगायत अन्य व्यवस्थापकीय कार्य र अन्य प्रशासनीक प्राविधिक कार्यमा सहयोग पुर्‍याएको।
- देहाय बमोजिमको कार्यक्रम/बैठक/भेटघाट/ छलफलका लागि मुख्यसचिवज्यूलाई सहभागिता गर्ने कार्यका लागि आवश्यक समन्वय, सहजीकरण, सञ्चार व्यवस्थापन र अन्य आवश्यक कार्य गरेकोः
    - राष्ट्रिय प्राकृतिक कोषको ४१ औं वार्षिकोत्सवको उपलक्षमा आयोजित विशेष कार्यक्रम तथा संरक्षक संरक्षण सम्मान समारोह
    - नेपाल सेनाद्वारा आयोजना गरिने फुलपाती बढाईं समारोह
    - सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्यहरुको प्रभावकारिता सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम
    - संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरसज्यूको नेपाल आगमन, संघीय संसद सम्बोधन
    - गौतमबुद्ध अन्तरास्ट्रिय विमानस्थल र पोखरा अन्तरास्ट्रिय विमान स्थल संचालन मोडालिटीको बारेमा छलफल
    - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको बैठक
    - मिनाहा समितिको बैठक
    - Human Rights Day कार्यक्रम
    - उखु कृषकका माग तथा समस्या सम्बन्धी छलफल

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.३ मन्त्रिपरिषद् बैठक शाखा

- मन्त्रिपरिषद्का १५ वटा बैठक बसी ३१५ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा तथा सञ्चार सम्बन्धी कार्य गरिएको।

नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

## ५.४ मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट निर्णय भएका जम्मा १८६ निर्णयहरू प्रणालीमार्फत अनुगमन गरी आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन तयार भइरहेको।
- मन्त्रिपरिषद्का निर्णयहरुको कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन निर्णयहरू प्रणालीमा प्रविष्ट गर्ने सम्बन्धित मन्त्रालयहरूका पदाधिकारीलाई सहजीकरण गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०-८-२८ को निर्णयानुसार वर्तमान सरकार गठन भएपश्चात नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयन प्रगति विवरण सम्बन्धमा मन्त्रालयहरूका पदाधिकारीहरूलाई सहजीकरण गरी अद्यावधिक गरिएको।
- राजनीतिक प्रकृतिका नियुक्ति/मनोनयनको पदपूर्ति सम्बन्धी विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक भइरहेको।

## ५.५ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

| समितिको नाम | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|
| प्रशासन समिति | १ | ३ |
| सामाजिक समिति | १ | ६ |
| आर्थिक तथा पूर्वाधार समिति | ३ | ११ |
| विधेयक समिति | ३ | ७ |
| **जम्मा** | ८ | २७ |

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## प्रशासन महाशाखा

## ५.६ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धी कार्यहरू गरिएको ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको।
- कार्यालय बैठकलगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालय एवं अन्तर्गतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सम्पन्न भएको।
- राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य अन्तिम चरणमा रहेको।

## ५.७ आर्थिक प्रशासन शाखा

**चालु आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिकमा आर्थिक प्रशासन शाखाबाट सम्पादन गरिएका मुख्य कार्यहरु:**

- आ.व.०८०/८१ को विनियोजन, राजस्व, धरौटी, कार्य संचालनको पहिलो त्रैमासिकको आन्तरिक लेखा परीक्षण सम्पन्न भएको।
- यस कार्यालय तथा अन्तरगतका निकायबाट माग भए बमोजिम थप बजेट/रकमान्तरका लागि लेखी पठाईएको।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको ।

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक बजेट | दोस्रो त्रैमासिक खर्च | | कैफियत (आ.व.०८०/८१ पौष सम्मको खर्च) |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | ३०१०००१२३ | ४११,६८४,०००.०० | ७९,५६०,९३३.०४ | | १८३,८६१,०३५.०४ |
| | ३०१०००११३ | ७६,०००,०००.०० | १२,६४२,४६९.०० | | २६,९१५,७७९.०० |
| | ६०२०००१५३ | १,२३४,६१३.०० | - | | ९९५,९३५.०० |
| चालु जम्मा | | ४८८,९१८,६१३.०० | ९२,२०३,४०२.०४ | १८.८६ | २११,७७२,७४९.०४ |
| पुजीगत | ३०१०००१२४ | ११,५५०,०००.०० | २४४,६०९.०० | २.१२ | २,१६८,९७५.०० |
| पुजीगत जम्मा | | ११,५५०,०००.०० | २४४,६०९.०० | २.१२ | २,१६८,९७५.०० |

- यस वर्षको पहिलो त्रैमासिकमा कुल वित्तीय प्रगति पूँजीगत तर्फ २.१२ प्रतिशत र चा.लु. तर्फ १८.८६ प्रतिशत भएको छ ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरुको वेरुजुको लगत अद्यावधिक गरिएको छ ।हाल सम्मको बेरुजु शुन्य रहेको छ ।

## ५.८ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा शाखा

- नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका, लिखु गाउँपालिका, गोरखा जिल्लाको गोरखा नगरपालिका, लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका तथा कास्की जिल्लाको रूपा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन एवं अनुगमन गरी प्रतिवेदन तयार गरिएको ।
- कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको लागि सामाजिक क्षेत्रअन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल गरी विज्ञसहितको प्रतिवेदन तयार गरिएको।

## ५.९ शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- यस शाखाबाट तयार गरी स्वीकृतिका लागि पेस गरिएको "राष्ट्रिय स्वास्थ्य संकट समन्वय निर्देशिका, २०८०" मिति २०८०।०९।०५ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भएको।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सञ्चालित विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमको अनुगमन गर्ने स्वीकृत वार्षिक कार्यक्रम रहेकोमा सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट र काठमाडौंमा गरी ५ वटा कार्यक्रम सञ्चालन एवं विद्यालयहरूको अनुगमन गरी प्रतिवेदन तयारी कार्य भैरहेको ।
- सम्माननीय प्रधानमन्त्री तथा श्रीमान् मुख्यसचिवज्यूलाई सम्बोधन गरी विभिन्न मितिमा व्यक्तिगत एवं संस्थामार्फत् प्राप्त भएका यस शाखासँग सम्बन्धित निवेदन तथा ज्ञापन-पत्र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको ।
- सम्बन्धित मन्त्रालयहरूले आयोजना गरेका यस महाशखासँग बैठकहरूमा सक्रियतापूर्वक सहभागी भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको धारणा प्रस्तुत गरिएको ।
- सामाजिक क्षेत्रसँग सम्बन्धित विषयमा तीन तहका सरकारको अधिकार क्षेत्र एवं कार्य क्षेत्रको स्पष्टताका लागि श्रीमान् सचिवज्यूको संयोजकत्वमा गठित सामाजिक समितिको बैठकमा भएको छलफलका विषयवस्तुमा आधारित भएर प्रतिवेदन तयार गरी हस्तान्तरण गरिएको।

- **नियुक्तिसम्बन्धी विवरण**

| क्र.सं. | निकाय | नियुक्त पदाधिकारी | ठेगाना | पद | नियुक्त गर्ने | निर्णय मिति | पदावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १. | पूर्वाञ्चल विश्वविद्यालय | यज्ञराज जमरकटेल | जनसंख्या तथा विकास केन्द्र, प्राध्यापक संघ प्रतिनिधि, पूर्वाञ्चल विश्वविद्यालय | सभाको सदस्य | सम्माननीय प्रधानमन्त्री एवं पूर्वाञ्चल | २०८०।०९।१७ | ३ वर्ष |
| | | प्रमोद कुमार यादव | पूर्वाञ्चल विश्वविद्यालय स्कुल अफ इञ्जिनियरिङ्ग | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दिनेश राज सुवेदी | पूर्वाञ्चल विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट | | विश्वविद्यालयका कुलपति | | |
| | | कृष्ण दाहाल | पूर्वाञ्चल विश्वविद्यालय जिपि कोइराला एग्रिकल्चर एण्ड रिसर्च सेन्टर | | | | |
| | | राखी वर्मा | पूर्वाञ्चल विश्वविद्यालय स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी | | | | |
| | | मीरा तवदार | पूर्वाञ्चल विश्वविद्यालय स्कुल अफ हेल्थ एण्ड साइन्सेस | | | | |
| २. | लुम्बिनी बौद्ध विश्विविद्यालय | डा. शारदा पौडेल | चन्दगढी झापा | प्राज्ञिक परिषद् सदस्य | सम्माननीय प्रधानमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका कुलपति | २०८०।०९।१७ | ३ वर्ष |
| | | प्रा.डा. गितु गिरी | प्यूठान न.पा. १० | | | | |
| | | डा. सुरेन्द्रमान बज्राचार्य | अध्यक्ष, बौद्ध अध्ययन बिषय समिति | | | | |
| | | प्रा.डा. कपिलदेव लामिछाने | अध्यक्ष, नेपाली बिषय समिति | | | | |
| | | तेजप्रसाद कंडेल | अध्यक्ष, कानून बिषय समिति | | | | |
| | | रमेश ढुङगेल | अध्यक्ष, हिमालयन बुद्धिष्ट समिति | | | | |
| | | फणिन्द्र कुमार न्यौपाने | उप- प्राध्यापक, लुम्बिनी बौद्ध विश्वविद्यालय | | | | |
| | | डा. ङिमा शेर्पा | अध्यक्ष, भोट बौद्ध अध्ययन समिति | | | | |
| ३. | लुम्बिनी बौद्ध विश्विविद्यालय | निरबहादुर गुरुङ | क्याम्पस प्रमुख, केन्द्रीय क्याम्पस | विश्वविद्यालय सभाको सदस्य | सम्माननीय प्रधानमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका कुलपति | २०८०।०९।१७ | ३ वर्ष |
| | | फणीन्द्रकुमार न्यौपाने | | | | | |
| | | डा. शारदा पौडेल | | | | | |
| | | गुणाखर गैरे | अध्यक्ष, लुम्बिनी बौद्ध विश्वविद्यालय प्राध्यापक संघ, लुम्बिनी | | | | |
| | | स्वस्ती राजभण्डारी (कायस्थ) | धरान उपमहानगरपालिका २, सुनसरी, कोशी प्रदेश | | | | |
| | | ध्रुव कुमार लिम्बु | थेचम्वु गा.वि.स., ताप्लेजुङ्ग, कोशी प्रदेश | | | | |
| | | बिनामाया पाख्रिन बाईबा | बर्दिबास३, महोत्तरी, मधेश प्रदेश | | | | |
| | | डा. बज्रमुनि वज्राचार्य | जगतपाल महाविहार चिलाञ्चो कीर्तिपुर नगरपालिका १०, काठमाडौं | | | | |
| | | कपिल लामा | नासोङ् गाउँपालिका ९, मनाङ गण्डकी प्रदेश | | | | |
| | | तुलसीदेवी पुर्जा | मालिका गाउँपालिका ५, म्याग्दी, गण्डकी प्रदेश | | | | |
| | | भिक्षु मेत्तैय (अवदेष कुमार त्रिपाठी) | मधुवनी ८ रुपन्देही, लुम्बिनी प्रदेश | | | | |
| | | कुमारी लक्ष्मी शर्मा | टवल उपमहानगरपालिका-११, लुम्विनी प्रदेश | | | | |
| | | पुष्पा लामा तामाङ्ग | मुगुम कार्मारोंग गाउँपालिका, मुगु, कर्णाली प्रदेश | | | | |
| | | डा. केदार चन्द्र भट्ट | दशरथचन्द नगरपालिका ५, वैतडी, सुदुरपश्चिम प्रदेश | | | | |
| | | प्रा. डा. भुषण श्रेष्ठ | दिपायल सिलगढी नगरपालिका, डोटी, सुदुरपश्चिम प्रदेश | | | | |
| | | कर्ण शाक्य | काठमाडौं महानगरपालिका, काठमाडौं | | | | |
| | | बिजय श्रेष्ठ | काठमाडौं महानगरपालिका २६, काठमाडौं | | | | |
| | | डा. पेमा थाई रुम्बा | चुरियामाई गाउँविकास समिति ६, मकवानपुर, बागमती प्रदेश | | | | |

## प्रादेशिक समन्वय तथा योजना महाशाखा

## ५.१० प्रादेशिक समन्वय शाखा

- कार्यविस्तृतीकरण परिमार्जनका लागि ५ वटै क्षेत्रगत प्रतिवेदन प्राप्त भएको एवं अन्य आवश्यक सामाग्री संकलन गरिएको ।

## ५.११ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरुको समेत अनलाइन मनिटरिङ प्रणालीमा रहेका क्रियाकलाप तथा माइलस्टोनहरूको मासिक प्रगति अद्यावधिक गरिएको।
- प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियामवली, २०६३ को नियम ६ बमोजिमको कोष सञ्चालन समितिको बैठक व्यवस्थापन गरिएको।
- यस शाखासँग सम्बन्धित विषयहरुमा सम्बन्धित निकायहरुसँग समन्वय/सहजीकरण/पत्राचार गरिएको ।

# राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा

## ५.१२ सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा

### सूचनाको हक कार्यान्वयनसम्बन्धमा

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका १३ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको। अन्य निकायसँग सम्बन्धित निवेदनहरू सम्बन्धित निकायमा लेखी पठाइएको । (थप विवरण प्रतिवेदनको क्र.सं १० मा समावेश गरिएको छ)

### राजदूत नियुक्ति सहमति

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्नबमोजिमका मित्रराष्ट्रका गैरआवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Ms. Capaya Rodriguez Gonzalez | भेनेजुएला | २०८०/०७/१५ |
| २. | H.E. Mr. Ibrahim Shaheeb | माल्दिभ्स | २०८०/०८/१२ |
| | H.E. Mr. Askar Beshimov | किर्गिज | २०८०/०९/२५ |
| | H.E. Mr. Haris Hrle | बोस्निया तथा हर्जगोभिना | |

### वैदेशिक भ्रमण तथा भिसा सहजीकरण

- राष्ट्रियसभाका अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाको नेतृत्वमा २०८० मंसिर ५ देखि ९ गतेसम्म Parliament Support Programme (PSP), UNDP कार्यक्रमको अध्ययन भ्रमणको सिलसिलामा अष्ट्रेलिया जाने प्रतिनिधिमण्डलमा सहभागी सुदूरपश्चिम प्रदेशका सभामुख भीमबहादुर भण्डारी, कर्णाली प्रदेशका सभामुख नन्दा गुरूङ, गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धिताल, कोशी प्रदेशकी उपसभामुख सृजना दनुवार, मधेश प्रदेशकी उपसभामुख बबिता कुमारी राउत, बागमती प्रदेशकी उपसभामुख अपसरा चापागाई खत्री, लुम्बिनी प्रदेशकी उपसभामुख मेनुका खाँडको कुटनीतिक राहदानी एवं भिसा सहजीकरण गरिएको ।
- विभिन्न प्रदेश र सो अन्तर्गत कार्यरत ५ जना कर्मचारीहरूलाई वैदेशिक भ्रमण/तालिमका सन्दर्भमा विभिन्न देशको भ्रमणका लागि विशेष राहदानी उपलब्ध गराउन सिफारिस गरिएको।
- लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयमा कार्यरत श्री थानेश्वर ज्ञवाली (अधिकृतस्तर दशौं) को डिसेम्बर ३ देखि १४, २०२३ मा दक्षिण कोरियामा हुने Strengthening Vocational High Schools in South Asia-Student and Teacher Exposure Program and Industry Visits कार्यक्रममा सहभागी हुन आवश्यक सहजीकरण गरिएको ।

**अन्य कार्यहरू**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिक विवरण (२०८० असार-असोज) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- राष्ट्रिय सूचना आयोगलगायत सरोकारवाला निकायबाट माग भई आएका विवरण समयमा नै उपलब्ध गराइएको ।

## ५.१३ सूचना समन्वय शाखा

- राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयनको एकीकृत कार्ययोजना, २०७७ मा उल्लेखित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जिम्मेवारी तोकिएका विषयहरूको प्रगति समीक्षा मिति २०८०/९/१६ मा सम्पन्न भई प्रतिवेदन तयार भएको ।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयनको सन्दर्भमा श्री रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र राष्ट्रिय अनुसन्धान विभागसँग आवश्यक समन्वयको कार्य भएको ।

## ५.१४ सुशासन प्रवर्धन तथा भ्रष्टाचार निगरानी शाखा

- आ.व. २०७९/८० को नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरूसहितको प्रतिवेदन

तयारका लागि सबै मन्त्रालय/निकायबाट प्रगति विवरण माग गरी प्रारम्भिक मस्यौदा तयार गरिएको।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं प्रतिवेदन र महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरू कार्यान्वयनको लागि कार्यान्वय समिति गठन भएको । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं प्रतिवेदनमा दिइएका सुझावहरूको कार्यान्वयन प्रगति सबै मन्त्रालय/निकायबाट माग गरी आयोगमा पत्राचार गरिएको ।
- शाखामा प्राप्त विभिन्न अनियमितता, भ्रष्टाचार उजुरी तथा गुनासोहरूको सम्बन्धमा अध्ययन गरी नियमानुसार छानविन तथा आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशनबमोजिम सार्वजनिक सेवा प्रवाह सम्बन्धमा तत्काल सुधार गर्न सकिने विषयहरूको कार्ययोजना निर्माणको लागि विवरण संकलन, प्रारम्भिक मस्यौदा तयारी तथा निकायगत छलफल भई प्रतिवेदनलाई अन्तिम रुप दिने कार्य भइरहेको।

## ५.१५ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) तथा यस विषय सम्बन्धी कार्य गर्ने नियामक, अनुसन्धानकारीलगायतका निकायहरूको कार्यसम्पादनको केन्द्रीकृत अभिलेख राख्ने विद्युतीय प्रणालीयुक्त AML/CFT National Reporting System Software मा तथ्याङ्कीय विवरण प्रविष्टिसम्बन्धी अभिमुखीकरण सम्पन्न भएको ।
- माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०।०८।२१ गते सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) बमोजिम गठित राष्ट्रिय पुनरावलोकन परिषद्को बैठक सम्पन्न भएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रस्तावित राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८०-८५) मस्यौदालाई प्राविधिक तहमा अन्तिम रुप दिन सम्बन्धित निकायहरूसँग बैठक तथा छलफल गरिएको।
- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १२८ औं, १२९ औं र १३० औं बैठक क्रमशः मिति २०८०।०८।१४, २०८०।०९।१७ र २०८०।०९।२९ गते सम्पन्न भएको ।

## ५.१६ हेलो सरकार कक्ष

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित सेवा प्रवाहलगायत विभिन्न विषयमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ

गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्द्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीलाई देहायबमोजिमको माध्यमबाट हेलो सरकार कक्षको शाखामा सूचना दिने व्यवस्था मिलाइएकोः

- टोल फ्रि टेलिफोन नम्बर ११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा इमेल गरेर ।
- कार्यालयको बेवसाइट www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- ट्वीटर तथा फेसबुक पेजको गुनासो गेटमा सन्देश पठाएर ।
- मोबाइल एपमा गुनासो पठाएर ।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- एस.एम.एसमार्फत गुनासो पठाएर ।
- Viber मार्फत गुनासो पठाएर ।
- अन्य

**हेलो सरकार शाखाबाट प्रथम त्रैमासिक अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भै) बाट प्राप्त ३९३५ (प्राप्त भएका गुनासा र फछ्यौंटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरूलाई अध्ययन गरी सम्वन्धित निकायमा पठाउन उपयुक्त देखिएका गुनासो आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा पठाईएको।
- यस अवधिमा सम्वन्धित निकायबाट समाधान भई आएकामध्ये फछ्यौंट गर्न उपयुक्त देखिएको १२६८ गुनासो फछ्यौंट गरिएको।
- हेलो सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार गरी कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गरिएको।
- हेलो सरकारको नयाँ विद्युतीय पोर्टल सञ्चालनका लागि प्रदेश र स्थानीय तहका गुनासो सुन्ने अधिकारीहरूलाई तालिम तथा अभिमुखीकरण कार्यक्रम (एउटा) सञ्चालन गरिएको।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१७ तत्काल समस्या समाधान केन्द्र, नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- एकीकृत अनुगमन प्रणालीमार्फत प्राप्त प्रगति विवरणको आधारमा ३ वटा मासिक प्रगति प्रतिवेदन तयार पारिएको ।
- कार्तिक र मंसिर महिनाको मन्त्रालयगत मासिक रिपोर्ट कार्ड तयार गरिएको । साथै मन्त्रालयस्तरीय ३ वटा समीक्षा बैठक सम्पन्न गरिएको ।
- उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) जोमसोम खण्ड र उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आयोजनामा पहिचान भएका समस्याहरू समाधानका लागि समन्वय र सहजीकरण बैठक सम्पन्न गरिएको ।
- गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउन बजार अनुगमन सम्बन्धमा बैठकका निर्णयहरू कार्यान्वयनमा लगिएको ।

## लगानी, उत्पादन तथा रोजगार प्रवर्धन महाशाखा

### ५.१८ अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा

- सम्मानननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा अर्थतन्त्रको वर्तमान अवस्था र भावी कार्यदिशा सम्बन्धी बैठक सम्पन्न ।
- उद्योग वाणिज्य प्रवर्द्धन संवाद् परिषद्को क्षेत्रगत क्लष्टरको बैठक सम्पन्न ।
- व्यावसायिक वातावरण सहजीकरण समन्वय समितिको बैठक सम्पन्न ।
- प्रदेशस्तरमा व्यावसायिक वातावरण मूल्याङकन गर्ने सिलसिलामा चारवटा प्रदेशबाट प्रतिवेदन प्राप्त भै सो उपर छलफल समेत भएको तथा बाँकी रहेका ३ वटा प्रदेशमा तथ्याङ्क संकलन भैरहेको ।
- कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको लागि आर्थिक क्षेत्रसँग सम्बन्धित विषयमा सम्बद्ध निकायसँग ९ वटा बैठक सम्पन्न गरी प्रतिवेदन पेस भएको ।
- औद्योगिक पूर्वाधार अन्तर्गत चोभार सुख्खा बन्दरगाह तथा काकडभिट्टा सुख्खा बन्दरगाह तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन गरिएको ।
- यस महाशाखासँग सम्बन्धित विभिन्न विषयमा सम्बन्धित मन्त्रालयहरुसँग विभिन्न समयमा समन्वय तथा सहजीकरण बैठकहरु सम्पन्न ।
- यस महाशाखाको विषय क्षेत्रअन्तर्गतका विभिन्न मन्त्रालयसँग सम्बद्ध समस्याहरू पहिचान गरी समाधान गर्ने उद्देश्यले विभिन्न मितिमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बैठक सम्पन्न ।

- नेपाल र अन्य मुलुकबीच हुने द्विपक्षीय लगानी सम्बन्धी सम्झौता (Bilateral Investment Agreement) ढाँचा मस्यौदाउपर छलफल कार्यक्रम सम्पन्न ।
- औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह, निर्यात प्रबर्द्धन केन्द्र जस्ता औद्योगिक पूर्वाधारका आयोजनाहरूको अनुगमन गरिएको ।
- विश्व बैंकको प्राविधिक सहयोगमा सञ्चालित प्रदेश स्तरीय लगानी वातावरण मुल्याङ्कन गर्न Provincial Investment Climate Assessment (PICA) अध्ययनको प्रारम्भिक प्रतिवेदनउपर श्रीमान् मुख्यसचिवज्यूको समुपस्थितिमा संघीय सरकारका मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकारका प्रतिनिधिहरू तथा विकास साझेदारहरूसँग उच्चस्तरीय अन्तरक्रिया गरिएको ।

### ५.१९ कृषि, वन तथा वातावरण शाखा

- सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उखु किसानले भोगेको विद्यमान समस्या सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न गरिएको ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषिको उत्पादनमा पारेको प्रभाव सम्बन्धी अध्ययन गरिएको ।

## पूर्वाधार विकास महाशाखा

### ५.२० भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा र खानेपानी, शहरी विकास तथा सञ्चार शाखा

- नेपाल सरकारका मुख्यसचिवज्यूको अध्यक्षता/संयोजकत्वमा तथा यस कार्यलयमा आर्थिक तथा पूर्वाधार विकास क्षेत्र हेर्ने सचिवज्यूको अध्यक्षतामा रहेको आयोजना सहजीकरण समितिको देहाय बमोजिमको बैठक बसी सम्बन्धित मन्त्रालय/निकायहरूसँग समन्वय/सहजीकरण गरिएको:

१. मिति २०८० कार्तिक १६ गते ढुङ्ग, गिट्टी, बालुवा तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धमा नेपाल सरकारका मुख्यसचिवज्यूको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिव तथा निकायका प्रमुखको उपस्थितिमा बसेको बैठकले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा क्रसर उद्योग व्यवस्थापनसम्बन्धी विद्यमान समस्याहरू यथाशीघ्र समाधान गर्ने सम्बन्धमा अध्ययन गरी मिति २०८० मंसिर ७ गतेभित्र नेपाल सरकारका मुख्यसचिव समक्ष प्रतिवेदन पेस गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिवको संयोजकत्वमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, उद्योग विभागबाट सहसचिवको प्रतिनिधित्व रहने गरी समिति गठन गरेकोमा उक्त समितिले मिति २०८० मंसिर २७ गते मुख्यसचिवज्यू समक्ष पेस गरेको

प्रतिवेदन कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको ।

२. मिति २०८०/०९/२३ गते आयोजना कार्यान्वयन सहजीकरण समितिका संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने सचिवज्यूको संयोजकत्व तथा सरोकारवाला मन्त्रालयका सचिव तथा सरोकारवाला निकायको उपस्थितिमा निम्न विषयमा छलफल गरिएको:

i. शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रबाट काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिका लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेडमार्फत प्रक्रिया अघि बढेको विषय ।

ii. वनक्षेत्रमा खनिज उत्खनन्, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्य राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाभित्र पर्ने वा नपर्ने विषय ।

- शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रबाट काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिका लागि खानेपानी मन्त्रालय तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडले वातावरणीय मूल्याङ्कन गर्ने कार्य यथाशीघ्र प्रारम्भ गर्ने तथा वन तथा वातावरण मन्त्रालयबाट प्राथमिकता दिई सकेसम्म छिटो प्रक्रियामार्फत स्वीकृत गरी आवश्यक समन्वय गर्ने/गराउने र वनक्षेत्रमा खनिज उत्खनन्, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्य राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाभित्र पर्ने वा नपर्ने विषय र प्रचलित कानूनहरूमा रहेको व्यवस्थामा आवश्यकताअनुसार संशोधन गर्नुपर्ने भए सो गर्ने गरी उद्योग वर्गीकरण गर्ने र वन क्षेत्र उपयोग गर्नेलगायतका गर्नुपर्ने कार्यका सम्बन्धमा कार्यान्वयनयोग्य सुझावसहितको प्रतिवेदन दुई हप्ताभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा राष्ट्रिय योजना आयोगका उद्योग क्षेत्र हेर्ने सहसचिव र वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक सदस्य रहने गरी कार्यदल गठन गर्ने निर्णय भएको ।
- राष्ट्रिय गौरवका आयोजनाको चालु आ.व.को कार्तिक मसान्तसम्मको वार्षिक प्रगति (भौतिक तथा वित्तीय), आयोजना शुरुदेखि कात्तिक मसान्तसम्मको समष्टिगत प्रगति (भौतिक तथा वित्तीय), आयोजनामा रहेका समस्या, समाधानका लागि भएको पहल तथा चुनौती समेटिएको विवरण तयार पारिएको ।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.२१ कानून तथा फैसला कार्यान्वयन शाखा

- सम्माननीय प्रधानमन्त्री, मन्त्रिपरिषद् तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरिएका ९० वटा मुद्दाहरूमा लिखित जवाफ पठाइएको ।
- यस महाशाखामा कानूनी राय माग भएका तीन (३) वटा विषयमा कानूनी राय प्रदान गरिएको।

- आ. व. २०८०/८१ को कार्तिकदेखि पुससम्म नयाँ/संशोधन एवं स्वीकृत भएका कानूनी दस्तावेजहरूको विवरण:

| क्र.सं. | तर्जुमा विवरण | नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय विवरण |
|---|---|---|
| १. | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० | २०८०/९/१८ को निर्णयानुसार स्वीकृत। |
| २. | हातहतियार खरखजाना (बाह्रौं संशोधन) नियमावली, २०८० | २०८०/८/२१ को निर्णयानुसार स्वीकृत। |
| ३. | राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान (गठन) आदेश, २०८० | २०८०/७/१४ को निर्णयानुसार स्वीकृत। |
| ४. | नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० | २०८०/७/१४ को निर्णयानुसार स्वीकृत। |
| ५. | सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८० | २०८०/७/१४ को निर्णयानुसार स्वीकृत। |

- **फैसला कार्यन्वयन सम्बन्धी कार्यहरू**

| क्र.सं. | कामको विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १. | अदालतबाट भएका आदेश कार्यान्वयनका लागि गरिएको पत्राचार | ▪ सम्मानित अदालतबाट भएका आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा २१ थान आदेश कार्यान्वयनका लागि पत्राचार भएको। |
| २. | फैसला कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन | ▪ फैसला कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सुनसरी, सप्तरी र सिन्धुली जिल्लामा सम्पन्न गरिएको। |
| ३. | सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिमको प्रतिवेदन पेस गरिएको | ▪ सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/११/२७ मा कोशीटप्पु वन्यजन्तु आरक्षको जग्गा सर्टभर्ना सम्बन्धमा भएको परमादेश कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारले गर्नुपर्ने कार्यहरु उल्लेख गरी सम्मानित सर्वोच्च अदालतमा प्रतिवेदन पेस गरिएको । |

## मानवअधिकार महाशाखा

### ५.२२ मानव अधिकार शाखा

| क्र.सं. | क्रियाकलाप | प्रगतिको व्यहोरा | भैरहेको काम |
|---|---|---|---|
| १. | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सम्बन्धी कार्यक्रम सञ्चालन | सन् २०२३ डिसेम्बर १० मा Universal Declaration of Human Rights (UDHR) को ७५ वर्ष | |

| | | | |
|---|---|---|---|
| | | उपलक्ष्यमा सम्मानीय राष्ट्रपतिज्यूको समुपस्थितिमा राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा कार्यक्रम सम्पन्न गरिएको । | |
| २. | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको अनुगमन (७ वटा प्रदेश र जिल्लाहरु समेत) | १. आ.व. २०७९।८० को राष्ट्रिय कार्ययोजनाको प्रगति विवरण सबै प्रदेश मन्त्रालयहरु र स्थानीय तहहरुबाट माग गरिएकोमा प्रगति विवरण प्राप्त भइरहेको।<br>२. मावन अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयन सम्बन्धी जिल्ला समन्वय समिति र स्थानीय समन्वय समिति एवं नागरिक समाजसँग अन्तर्क्रिया कार्यक्रम मन्थली रामेछापमा सम्पन्न ।साथै सिन्धुपाल्चोक, दोलखा जिल्लामा जिल्ला समन्वय समिति र स्थानीय समन्वय समितिको कार्य अनुगमन र छलफल।<br>३. मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-८१/८२) कार्यान्वयनको लागि तोकिएको इकाई (Focal Points) को बैठक सम्पन्न। | १. कार्ययोजना समन्वय संयन्त्र अन्तर्गतको संघीय समन्वय समितिको बैठकको तयारी भइरहेको, अन्तरक्रियाको लागि तयारी भइरहेको। |
| ३. | मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिकक्षहरुले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा परेका उजुरीको जवाफका साथै अन्य माग भएको जानकारी उपर नेपाल सरकारले पेश गर्नुपर्ने जवाफको तयारी | Comments on the Joint Communication from the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non- recurrence; the Working Group on Enforced or Involuntary Disappearances; the Special Rapporteur on extrajudicial, summary, or arbitrary executions and the Special Rapporteur on violence against women and girls, its causes, and consequences सम्बन्धमा response गरिएको। | मानव अधिकार परिषद्मा नेपाल सरकारको तर्फबाट जवाफ पेश गर्न मन्त्रिपरिषदबाट गठित समितिको बैठक बसी सम्बन्धित निकायहरुमा जवाफ पठाउने कार्य निरन्तर भइरहेको। |

| | | | |
|---|---|---|---|
| ४. | मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय महासन्धि अनुरुप, नेपालले पेश गर्नुपर्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ICESER) सम्बन्धित राष्ट्रिय प्रतिवेदन पठाउन र प्रकाशन गर्ने | प्रतिवेदनको प्रारम्भिक मसौदा तयार भएको । | मसौदालाई अन्तिम रुप प्रदानको लागि बैठकको तयारी भैरहेको । |
| ५. | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाको कार्यान्वयन सम्बन्धी मूल्याङ्कन र पुनरावलोकन | नयाँ राष्ट्रिय रणनीति तथा कार्ययोजनाको प्रारम्भिक मसौदाको कार्य भइरहेको । कार्य भइरहेको । | |
| ६. | राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयन गर्ने। | १. राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सम्बन्धमा भएका सिफारिस कार्यान्वयनका लागि सिफारिस भई आएका १९ सिफारिसलाई कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको।<br>२. सिफारिस कार्यान्वयन समितिको बैठक नियमित रुपमा बसेको । | राष्ट्रिय मानव अधिकार आयोगबाट हालसम्म नेपाल सरकारको नाममा प्राप्त सिफारिस कार्यान्वयन अवस्थाको अध्ययन, विश्लेषण, छलफल र सोको प्रतिवेदन तयारी र प्रकाशन गर्ने प्रयोजनको लागि समिति गठन भई समितिको पहिलो बैठक बसी आवश्यक निर्णय भएको । |

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ । कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका

अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

## प्रवक्ताको विवरण

| | | |
|---|---|---|
| नाम | : | नारायण प्रसाद भट्ट |
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रशासन |
| फोन नं. | : | ९७७-१-४९७१०६९ |
| इमेलः | : | spokesperson@opmcm.gov.np |



## सहायक प्रवक्ताको विवरण

| | | |
|---|---|---|
| नाम | : | सन्तोषप्रसाद दाहाल |
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान केन्द्र |
| फोन नं. | : | ९७७-१- ४९७१०२३ |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np |



## सूचना अधिकारीको विवरण

| | | |
|---|---|---|
| नाम | : | शिर्जना शर्मा |
| पद | : | उपसचिव |
| शाखा | : | सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ४९७१०१४ |
| इमेल | : | suchanaadhikari@opmcm.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली, गठन आदेश तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

**चालु आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक सम्मको आर्थिक विवरण**

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक बजेट | दोस्रो त्रैमासिक खर्च | | कैफियत (आ.व.०८०/८१ पौष सम्मको खर्च) |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | ३०१०००१२३ | ४११,६८४,०००.०० | ७९,५६०,९३३.०४ | | १८३,८६१,०३५.०४ |
| | ३०१०००११३ | ७६,०००,०००.०० | १२,६४२,४६९.०० | | २६,९१५,७७९.०० |
| | ६०२०००१५३ | १,२३४,६१३.०० | - | | ९९५,९३५.०० |
| चालु जम्मा | | ४८८,९१८,६१३.०० | ९२,२०३,४०२.०४ | १८.८६ | २११,७७२,७४९.०४ |
| पुजीगत | ३०१०००१२४ | ११,५५०,०००.०० | २४४,६०९.०० | २.१२ | २,१६८,९७५.०० |
| पुजीगत जम्मा | | ११,५५०,०००.०० | २४४,६०९.०० | २.१२ | २,१६८,९७५.०० |

- यस वर्षको पहिलो त्रैमासिकमा कुल वित्तीय प्रगति पूँजीगत तर्फ २.१२ प्रतिशत र चा.लु. तर्फ १८.८६ प्रतिशत भएको छ ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरुको वेरुजुको लगत अद्यावधिक गरिएको छ ।हाल सम्मको बेरुजु शुन्य रहेको छ ।

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
|---|

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

| सि. नं. | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री भेषराज लुइटेल, पाल्पाले ललिता निवास प्रकरणमा जग्गा फिर्ता ल्याउने सम्बन्धि विषयमा सूचना माग गर्दै मिति २०८०/०६/२९ मा निवेदन गर्नुभएको। | निवेदकले माग गरेको सूचना यस कार्यालयसँग सम्बन्धित नदेखिएकोले यस कार्यालयको च.नं ५८९ मिति २०८०/०७/१४ गतेको पत्रमार्फत् सम्बन्धित निकायहरूबाट नै सूचना माग गर्न अनुरोध गरिएको। |
| २. | श्री रूक्शना कपाली, ललितपुरले नेवाः जातिअन्तर्गतको जुगी जात समूदायका मानिसहरूको ऐतिहासिक तथा परम्परागत आवासको रक्षासम्बन्धी सूचना र निवेदनका बारेमा जानकारी माग गर्दै मिति २०८०/०७/१९ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं २०१७ मिति २०८०/०७/२० गतेको पत्रबाट उक्त निकायबाटै निवेदनमा औंल्याइएका समस्याको उचित समाधान एवं सम्बोधन हुन सक्ने व्यहोरा जानकारी गराइएको । |
| ३. | श्री लोकप्रसाद ढकाल, काठमाण्डौंले नेपालमा २०७२ असोजदेखि हालसम्म नेपाल सरकार मन्त्रिपरिषद्बाट नियुक्त भएका राजनीतिक नियुक्तिहरूको विवरणलगायतका विषयका सूचना माग गर्दै मिति २०८०/०७/१९ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको केही सूचना तथा विवरण यस कार्यालयको वेबसाइट www.opmcm.gov.np मा उपलब्ध रहेको र केही सूचना तथा विवरण महालेखा नियन्त्रकको कार्यालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं २०८७ मिति २०८०/०७/२२ गतेको पत्रबाट सोही व्यहोरा जानकारी गराइएको । |

| | | |
|---|---|---|
| ४. | श्री मनिष ढकाल, नील हिरा समाज काठमाण्डौंले सम्मानित सर्वोच्च अदालतले गरेको यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको अधिकार सम्बन्धी फैसला कार्यान्वयनको अवस्थाबारे सूचना माग गर्दै मिति २०८०/०७/२० मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना एवम् सम्मानित सर्वोच्च अदालतमा मिति २०८०/०४/२४ गते दायर भएको रिट निवेदनको अन्तरिम आदेशको सम्बन्धमा मिति २०८०/०७/२१ मा यस कार्यालयको च.नं २०८४ मिति २०८०/०७/२२ गतेको पत्रबाट गृह मन्त्रालयलाई उक्त अन्तरिम आदेश कार्यान्वयनको लागि देखि पठाइएको जानकारीसहित सूचना प्रदान गरिएको । |
| ५. | श्री रूक्शना कपाली, ललितपुरले विक्रम संवत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल संवत् समेत उल्लेख गर्ने भन्ने विषयको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि माग गर्दै मिति २०८०/०८/०४ मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं २१८६ मिति २०८०/०८/०६ गतेको पत्रबाट निवेदकले माग गरेको सूचना तथा विवरण सूचना तथा सञ्चार मन्त्रालयको वेबसाइट www.mocit.gov.np बाट डाउनलोड गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ६. | श्री अजय अनुरागी, लोकान्टर डटकम, ललितपुरले सम्माननीय प्रधानमन्त्री, यस कार्यालयमा नियुक्त गरिएका सल्लाहकारलगायत करारका कर्मचारी तथा सेवासुविधाको विवरणलगायतका सूचना माग गर्दै यस कार्यालयमा मिति २०८०/०८/०७ मा निवेदन दर्ता गर्नुभएको । | सम्बन्धित शाखाबाट प्राप्त सूचना निवेदकलाई उपलब्ध गराइएको । |
| ७. | श्री दीपक बहादुर वि.क., सिन्धुपाल्चोकले नाप जाँच ऐन बमोजिम नक्सा र स्रेस्ताको पहिलो ढाँचालगायत विभिन्न सूचना माग गर्दै मिति २०८०/०८/१३ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले निवेदकलाई सूचना उपलब्ध गराउने प्रयोजनार्थ सम्बन्धित मन्त्रालयहरूमा निवेदन पठाइएको । |
| ८. | श्री बसन्त कुमार श्रेष्ठ, नेरेसो केन्द्र, काठमाण्डौंले नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय, ताहाचल, काठमाण्डौंको नाममा पठाइएको पत्रको | निवेदकले माग गरेको सूचना उपलब्ध गराइएको । |

| | | |
|---|---|---|
| | छापाँप्रति माग गर्दै २०८०/०८/०५ गते निवेदन दर्ता गर्नुभएको । | |
| ९. | एपीवान टेलिभिजनले नेपाल सरकारले ल्हारक्याल लामालाई लुम्बिनी विकास कोषको अध्यक्षमा नियुक्ति गरेको प्रक्रियाको विषयमा सूचना माग गर्दै मिति २०८०/०८/१८ मा निवेदन दर्ता गरेको । | ल्हारक्याल लामालाई लुम्बिनी विकास कोषको अध्यक्षमा नियुक्ति गर्ने विषयको प्रस्ताव संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट निर्णयको लागि आएको र नेपाल सरकार, मन्त्रिपरिषदबाट उक्त विषयमा निर्णय भई कार्यान्वयनको लागि सोही मन्त्रालय पठाइएकोले उक्त मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको । |
| १०. | अधिवक्ता पुण्यप्रसाद खतिवडालगायत पाँच अधिवक्ताहरूले चिकित्साशास्त्र शिक्षा अध्ययनसम्बन्धी विविध विषयमा सूचना माग गर्दै मिति २०८०/०८/२८ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं ६८४ मिति २०८०/९/१२ को पत्रमार्फत उपर्युक्त मन्त्रालयहरूलाई सूचना प्रदान गर्न निर्देश गरिएको । |
| ११. | श्री नरेश श्रेष्ठ, काठमाण्डौंले स्थानीय गाउँपालिका, नगरपालिका तथा साँस्कृतिक स्वायत्त क्षेत्र घोषणा आयोगको विषयमा विविध सूचना माग गर्दै वि.सं २०८०/०९/१७ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं २९७४ मिति २०८०/०९/१८ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १२. | श्री शंकर सिंह धामी, दार्चुलाले महाकाली कोरिडोरअन्तर्गत दार्चुला-टिङ्कर सडक खण्डका सम्बन्धमा विविध सूचना माग गर्दै २०८०/०९/१७ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित देखिएकोले च.नं ३०१६ मिति २०८०/९/१२ को पत्रमार्फत सूचना उपलब्ध गराउन सम्बन्धित निकायहरूमा लेखि पठाइएको । |
| १३. | श्री युवराज पौडेल (सफल), सिन्धुलीले नेपाल सरकार र भारत सरकारबीच बिजुली निर्णातसम्बन्धी दीर्घकालीन सहमति सम्झौताको प्रमाणित प्रतिलिपिसम्बन्धी सूचना माग गर्दै | निवेदकले माग गरेको सूचना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित देखिएकोले च.नं ३०९९ मिति २०८०/०९/२५ गतेको पत्रबाट सूचना मागकर्तालाई उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अवगत गराइएको । |

| | | |
|---|---|---|
| | २०८०/०९/२५ मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | |
| | श्री प्रतिभा रावल, कञ्चनपुरले २०७२ सालपछि हालसम्म बनेका सरकार प्रमुख र निज नेतृत्वको मन्त्रिपरिषद्का सदस्य मन्त्रीसहित राज्यमन्त्री तथा सहायकमन्त्रीको सम्पत्ति विवरणसम्बन्धी सूचना माग गर्दै २०८०/०९/२० मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको। | सम्बन्धित शाखाबाट जानकारी भएअनुसार विभिन्न समयमा गठन भएका मन्त्रिपरिषद्का सदस्यहरूले यस कार्यालयमा प्रचलित कानूनबमोजिम पेश गर्ने सम्पत्ति विवरण तत्कालीन समयको मन्त्रिपरिषद्ले सार्वजनिक गर्ने निर्णय भएपश्चात निजहरूले पेश गरेको सम्पत्ति विवरण त्यतिबेलै सार्वजनिक गरिसकेपश्चात् पुनः खामबन्दी गरी गोप्य रूपमा अभिलेखमा राखिने र यसरी राखिएको विवरण कानूनबमोजिम अख्तियार प्राप्त अनुसन्धान, तहकिकात गर्ने निकाय वा अदालतबाट माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्धत्र गराउन सकिने कानूनी व्यवस्था रहेको भनी लेखि आएको हुँदा सोही व्यहोराको सूचना प्रदान गरिएको । |